नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २०५ २०७८ साल चैत २ गते बुधबार (16 Mar. 2022 Wednesday) मूल्य रु. ५/-

कोभिडबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मानव बेचबिखन तथा... ३ पृष्ठमा : त्रिवि केन्द्रीय पुस्तकालय भवनको ... ३ पृष्ठमा युक्रेनले गरेको मिसाइल..

## मधेश प्रदेशका अर्थ मन्त्री साहद्वारा खाँडो नदीको निकास र नदीमा पुल निर्माणका लागि पहल गरिदिन आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवलाई सप्तरीस्थित दशगज्जा क्षेत्र भएर बग्ने खाँडो नदीको निकास र नदीमा पुल निर्माणको लागि पहल गरिदिन आग्रह गरेका छन् ।

प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री साहले मंगलबार संघीय मन्त्री यादवलाई ध्यानाकर्षण पत्र बुझाउँदै सो आग्रह गरेका हुन् ।

दशगज्जामा नदीको निकास नहुँदा र सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ तिलाठीस्थित नदीमा पक्की पुल नहुँदा नेपाल-भारततर्फका सर्वसाधारणलाई समस्या हुँदै आएको ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

“भारत विहारको सुपौल जिल्ला अन्तर्गत पर्ने कुनौली बजारसँग जोडिने सिमानामै खाँडो नदी छ । दुबैतिर सडक भए पनि नदीमा पक्की पुल छैन । दुई वर्षअघिसम्म त्यहाँ बाँसको पुल हुने गर्दथ्यो तर पछिल्लो बाढी र कोरोनाको लकडाउनको बीच जिर्ण बनेको सो पुललाई भारतीय सुरक्षाकर्मीले पुर्ननिर्माण गर्न दिएन । पुल नहुँदा दुबैतिरका आमजनलाई निकै समस्या र चुनौतिहरुको सामना गर्नुपरिरहेको छ, पुल नहुँदा सर्वसाधारण खाँडो खोलाबाटै वारपार गरिरहेका छन्, जुन वर्खामा जोखिमपूर्ण छ ।' पत्रमा उल्लेख छ ।

सोही पत्रमा दुई देशबीचको व्यापारिक र पारिवारिक सम्बन्ध भए पनि दुवै देशले खाँडो नदीमा पुल निर्माणमा चासो नदिएको सो भेगका सर्वसाधारणको गुनासो रहेको उल्लेख छ । यस्तै ‘बाढीका कारण वर्षेनी करोडौं क्षति नियन्त्रण, मानविय क्षति रोक्न तथा दुई देशका सर्वसाधारणलाई सहज आवत जावतका निम्ति दशगज्जा क्षेत्रमा थुनिएको खाँडो नदीलाई अविलम्ब निकास दिनुकासाथै मुख्य भन्सार नाकालाई भारतीय बजारसँग जोडने पुल निर्माण अत्यावश्यक रहेको हुँदा त्यसका निम्ति भरपर्दो पहल गरिदिन हार्दिक अनुरोध छ ।', पत्रमा उल्लेख छ ।

## एक लाख म्यादी प्रहरीका लागि भर्ना खुल्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, १ चैत ।**

आगामी बैशाख ३० गते हुने स्थानिय निर्वाचनका लागि नेपाल प्रहरीले एक लाख म्यादी प्रहरीका लागि भर्ना खुलाएको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालले मंगलबार सूचना जारी गर्दै चैत ६ देखि ११ गतेसम्म दर्खास्त दिन भनेको छ । म्यादी प्रहरीमा १८ वर्ष पूरा भइ ५४ वर्ष ननाघेका व्यक्तिले दरखास्त दिन पाउने तथा दर्खास्त फारम सम्पूर्ण जिल्ला प्रहरी कार्यालयमा पाइने सूचनामा उल्लेख छ ।

म्यादी प्रहरीमा भर्ना हुनका लागि नेपाली नागरिक हुनुपर्ने, फौजदारी अभियोग लागेको नहुनुपर्ने, कुनै राजनीतिक दलको सदस्य हुनु नहुने, शारीरिक र मानसिकरुपले तन्दुरुस्त हुनुपर्ने लगायतका मापदण्ड राखिएको छ भने म्यादी प्रहरी भर्नाका लागि

***बाँकी अन्तिम पृष्ठमा***

## मर्यादित रुपमा होली मनाउन प्रशासनको आग्रह





**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

स्थानिय प्रशासनले सुरक्षित र मर्यादित रुपमा होली पर्व मनाउन सबैसँग अनुरोध गरेको छ ।

मंगलबार जिल्ला प्रशासन कार्यालयले एक सूचना जारि गर्दै मादक पदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, जबरजस्ती रंग अबर दल्ने,

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय

# निर्वाचन कार्यालय गम्भिर हुनुपर्छ

कुनै पनि निर्वाचन स्वच्छ, मर्यादित र धाँधलीरहित हुनुपर्ने विश्वव्यापी मान्यता हो । यसका लागि सम्पूर्ण दलहरुले सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । तर, जिल्ला निर्वाचन कार्यालय सप्तरीले मतदाता नामावली संकलन कार्य गर्ने म्याद समाप्त भएपछि पनि नाम संकलन गर्ने कार्य गरेको छ । कुनै पनि काम गर्ने अवधी हुन्छ । अवधी समाप्त भएपछि कुनै पनि वहानामा सो काम गर्नुहुँदैन् । राजविराज वडा नं. ६ स्थित कसैको घरमा गएर निर्वाचनकै टोलीले म्याद सकिएपछि ८४ जनाको फोटो खिच्नु र मतदाताको नामावली संकलन गर्ने कार्य न्यायोचित होइन् । यस कार्यमा सम्बन्धीत निकायको गैरजिम्मेवारीपन हो ।

निर्वाचनकै लागि म्याद सकिएपछि निर्वाचन कार्यालयकै कर्मचारीहरु घरमा गएर मतदाताको नामावली संकलन गर्नु अमर्यादित कार्य हो । कुनै प्रलोभनमा परेर जुनसुकै कार्य कानुन विपरीत हो । यस्तो कार्य गर्नेलाई सचेत गराउनुका साथै कारवाही गर्नु पनि उत्तिकै जरुरी छ ।

निर्वाचन कार्यालयले नै गेरजिम्मेवार कार्य कुनै प्रलोभनमा परि गर्नु भनेको निर्वाचन कसरी स्वच्छ, मर्यादित र धाँधलीरहित हुन्छ । यो एउटा आफैमा गम्भिर प्रश्न हो । तसर्थ यस्ता गतिविधीलाई रोक्न निर्वाचन आयोगले अग्रसरता देखाउनु आवश्यक छ । यसप्रति निर्वाचन कार्यालय गम्भिर हुनुपर्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को संशोधन गर्नुपर्ने माग

काठमाडौं, १ चैत (रासस) ।

खुला सिमानाको जस्ता कार्यक्रम प्रभावकारी नियमित अनुगमन तथा व्यवस्थापन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न सरकारसँग माग गरेको छ ।

शक्ति समूह र एटबिनद्वारा यही फागुन २९ र ३० गते काठमाडौंमा आयोजना गरिएको मानव बेचबिखन नियन्त्रणको लागि बेचबिखन प्रभावितको पाँचौं भेलापछि घोषणापत्र जारी गर्दै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को संशोधन गरी सङ्घीयता तथा पर्लेमो तथा प्रोटोकल अनुसार प्रभावितमैत्री बनाउन माग गरेको छ ।

घोषणा पत्रमा भनिएको छ, 'स्थानीय, प्रदेश र सङ्घीयस्तरबाट निर्माण हुने नीति, बजेट र कार्यक्रममा नीतिगत रुपमा नै रोजगारी, शिक्षा, स्वास्थ्य, निर्ब्याजी र बिना धितो ऋण जस्ता कार्यक्रम बेचबिखनबाट प्रभावितका निम्ति अनिवार्य रुपमा वयवस्था गरियोस् ।'

सो भेलाले मानव बेचबिखनबाट प्रभावित पुरुषको पुनःस्थापनाका लागि पनि पुनःस्थापना केन्द्रको व्यवस्था गर्नुका साथै व्यवसायमूलक तालिम र जीविकोपार्जनका अवसर पनि प्रदान गर्नुपर्नेमा जोड दिएको छ । आन्तरिक तथा बाह्य बेचबिखनबाट प्रभावितको उद्दार पश्चात् तीनै तहका सरकारले शिक्षा, जीवनउपयोगी सीपको विकास, दिगो जीविकोपार्जनका निम्ति दिगो एकीकृत कार्यक्रम अनिवार्य ल्याउनुपर्ने भेलाको निष्कर्ष रहेको छ ।

भेलाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति स्थानीय, प्रदेश र सङ्घीयस्तरसम्म गठन/पुर्नगठन गर्नुपर्ने र गठन पुर्नगठन भएका समितिमा प्रभावितको अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्थामा समेत जोड दिएको छ । शक्ति समूहका अध्यक्ष चरिमाया तामाङले सरकारको सामाजिक सुरक्षा नीतिभित्र प्रभावितको समावेशको सुनिश्चितता गर्नुपर्ने बताउनुभयो ।

# क्रिप्टोको अवैध कारोबारमा ९ करोड ७४ लाख हिनामिना

काठमाडौं, १ चैत (रासस) ।

मुलुकको ढुकुटीमा अमेरिकी डलरको हिस्सा क्रमशः घट्दा त्यसको प्रभाव समग्र अर्थतन्त्रमा बढ्दै गएको छ । वैदेशिक मुद्रा सञ्चिति घट्दो क्रममा रहेको बेला विदेशी विनिमयको गैरकानुनी रुपमा प्रयोग गरेको अभियोगमा राजस्व अनुसन्धान विभागले दुई जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

विभागले रतुवामाई नगरपालिका-७ मोरङका पुष्कर श्रेष्ठ र विनिता लिम्बूविरुद्ध 'विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अनुसार काठमाडौं जिल्ला अदालतमा सोमबार मुद्दा दायर गरेको मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ । उनीहरूले नेपालमा प्रतिबन्धित वानएक्सवेट, विनाश, एड्भी क्यास, क्वाइनबेस र प्याक्फुल जस्ता माध्यमको प्रयोग गरी सामूहिक मिलेमतोमा अमेरिकी डलरको गैरकानुनी कारोबार गरेको पाइएको छ । विभागका अनुसार आरोपितले विभिन्न एप तथा गैरकानुनी माध्यममार्फत रकम राख्ने वा पठाउने गरेको पाइएको छ ।

उनीहरूले अमेरिकी डलरको सटही तथा क्रिप्टोमा लगानीकर्ताको रुपमा रहेको अनुसन्धानबाट खुलेको छ । आरोपी श्रेष्ठले मेगा बैंकबाट रु ८६ लाख ८३ हजार ४२९, सिटिजन बैंकबाट रु दुई करोड ५१ लाख ७६ हजार ९९, एनआइसि एशिया बैंकबाट रु एक करोड ८२ लाख ४९ हजार ८८९ र राष्ट्रिय वाणिज्य बैंकबाट रु दुई करोड ३६ लाख ६२ हजार ५३९ गरी कूल रु सात करोड ५७ लाख ७१ हजार ९५८ बराबरको रकम हिनामिना गरेको पाइएको छ । यस्तै, आरोपी लिम्बूले एनआइसि एशिया बैंकबाट रु दुई करोड १६ लाख ९८ हजार २४ बराबरको रकम हिनामिना गरेको देखिन्छ । विभागले कूल रु नौ करोड ७४ लाख ६९ हजार ९८३ बराबरको विदेशी विनिमयको अपचलन गरेको अध्ययनमा पत्ता लगाएको छ ।

विभागले आरोपीलाई बिगो जफत गरी सजाय र तीन वर्षसम्मको कैद सजायको मागदाबी गर्दै मुद्दा दायर गरिएको छ । नेपाल राष्ट्र बैंकले २०७४ साउन २९, २०७५ चैत २६ र २०७८ भदौ २४ गते अवैध रुपमा विदेशी विनिमयको अवैध कारोबार नगर्न निर्देशन दिएको छ । यस्तै, नेपालमा गैरकानुनी रहेको क्रिप्टोकरेन्सीको कारोबार नगर्न समेत पटक-पटक केन्द्रीय बैंकले निर्देशन दिएको छ ।

# कांग्रेसले सर्वसम्मत ढङ्गले स्थानीय तहको उम्मेदवार चयन गर्नुपर्छ : नेता सिंह

काठमाडौं, १ चैत (रासस) ।

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले कांग्रेसले सर्वसम्मत ढङ्गले स्थानीय तहको निर्वाचनको लागि उम्मेदवार छान्नुपर्ने बताउनुभएको छ ।

नेपाल निर्माण व्यवसायी महासङ्घका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा सम्मान गर्न मंगलबार यहाँ आयोजित कार्यक्रममा उहाँले स्थानीय तहको निर्वाचनमा आफ्नाभन्दा पनि राम्रा व्यक्तिलाई उम्मेदवार बनाउनुपर्ने बताउनुभयो । "विगतमा पार्टी नेतृत्वले राम्राभन्दा पनि आफ्ना व्यक्तिलाई उम्मेदवार बनाउँदा

बाँकी तीन पृष्ठमा

## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# त्रिवि केन्द्रीय पुस्तकालय भवनको शिलान्यास

काठमाडौं, १ चैत (रासस)।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको नयाँ बन्ने अत्याधुनिक भवनको मंगलबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति देवेन्द्र पौडेल र नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले संयुक्तरुपमा शिलान्यास गर्नुभएको छ।

विसं २०७२ को भूकम्पले क्षतिग्रस्त भएको पुस्तकालयको भवन भारत सरकारको आर्थिक अनुदानमा निर्माण हुन लागेको हो। कूल ३६ करोड ११ लाख ६६ हजारमा निर्माण हुन लागेको उक्त भवनमा पाठक तथा अनुसन्धानकर्ताका लागि २४ सैं घण्टा बसेर अध्ययन गर्न सक्ने व्यवस्थाका साथै इज्-लाइब्रेरी सुविधाका लागि छुट्टै कम्प्युटर ल्याब, सेमिनार वर्कसपका लागि हल, प्रर्दशनी कक्ष आदिको व्यवस्था रहनेछ। सो भवन १५ महिनाभित्र निर्माण सक्ने गरी सम्झौता भएको छ।

शिलान्यास कार्यक्रममा शिक्षामन्त्री पौडेलले दक्ष र गुणस्तरीय जनशक्ति निर्माण गरी मुलुकको समृद्धि र विकासको नेतृत्व गर्नुपर्ने बताउनुभयो। देशको शैक्षिक विकासका लागि शैक्षिक पूर्वाधार निर्माणमा भारत सरकारले महत्वपूर्ण सहयोग उपलब्ध गराउँदै आइरहेको उहाँले उल्लेख गर्नुभयो। त्रिविको गुणस्तर सुधार गरी उत्कृष्टताको केन्द्रको रुपमा विकसित गर्न मन्त्रालय सबै प्रकारका सहयोग उपलब्ध गराउने उहाँले प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। उच्च शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाई अर्बौं रकम विदेशिनबाट जोगाउनुपर्ने धारणासमेत उहाँले व्यक्त गर्नुभयो। कार्यक्रममा नेपालका लागि भारतीय राजदूत क्वात्राले नेपाल भारत सम्बन्धलाई थप विश्वसनीय, दिगो र मजबुत बनाउन यस सहयोग महत्वपूर्ण रहेको बताउनुभयो। पुस्तकालय सामाजिक जीवनलाई व्यवस्थित गर्ने, विचार र दर्शन आदनप्रदान गर्ने, नवीनतम खोज र अनुसन्धान गर्ने महत्वपूर्ण स्थान रहेको उल्लेख गर्दै विश्वविद्यालय परिसरमा रहेको गान्धी भवन, जाकिर हुसेन उद्यान र त्रिवि केन्द्रीय पुस्तकालय निर्माणमा भारतले सहयोग गर्न पाएकोमा भारतीय दूतावास हर्षित भएको उहाँले बताउनुभयो।

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा शिवलाल भुसालले त्रिभुवन विश्वविद्यालयको विकासका लागि भारत सरकारले लामो समयदेखि सहयोग उपलब्ध गराउँदै आइरहेको बताउनुभयो। त्रिविका आंगिक क्याम्पसमा हालसम्म पनि भारतीय प्राध्यापक कार्यरत रहेको उल्लेख गर्दै उहाँले त्रिवि केन्द्रीय पुस्तकालयको स्थापनाकालदेखिनै सहयोग गर्दै आइरहेको भारत सरकारले हाल पुस्तकालयको अत्याधुनिक भवन निर्माण गर्न आर्थिक सहयोग गरेर सम्बन्ध थप प्रगाढ बनाएको धारणा व्यक्त गर्नुभएको थियो।

विश्वविद्यालयले गुणस्तर सुधारका लागि अधिकतम प्रयत्न गरिरहेको उल्लेख गर्दै एक्जिम बैंकको सहयोगमा त्रिविका ३८ वटा आंगिक क्याम्पसको भौतिक पूर्वाधारलाई थप व्यवस्थित र सुदृढ बनाउनेसमेत उहाँले जानकारी गराउनुभयो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आन्तरिक योजना कार्यान्वयन एकाइ योजना प्रमुख रामशरण सापकोटाले भारत सरकारको सहयोगमा २०७२ सालको भूकम्पपश्चात् ७० वटा विद्यालय निर्माणमा आर्थिक सहयोग प्राप्त भएको र अन्तिम कार्यक्रमको रुपमा त्रिवि केन्द्रीय पुस्तकालयको शिलान्यास गरिएको उल्लेख गर्नुभएको थियो। पुस्तकालयका प्रमुख पूर्णलाल श्रेष्ठले पुस्तकालयलाई प्रविधिमैत्री र अत्याधुनिक बनाई घरमै बसेर विश्वविद्यालयमा उपलब्ध पुस्तक पढ्न सक्ने वातावरण बनाउने बताउनुभयो। उहाँले अन्तर्राष्ट्रियस्तरको पुस्तकालयले मुलुकको शैक्षिक स्तरोन्नतिमा सकारात्मक योगदान पुर्‍याउने उल्लेख गर्नुहुँदै २४ सैं घण्टा सेवा दिन त्रिवि केन्द्रीय पुस्तकालय तयार रहेकोसमेत बताउनुभयो।

### *कांग्रेसले सर्वसम्मत...*

पार्टीलाई स्थानीय निर्वाचनमा असर पर्‍यो", उहाँले भन्नुभयो।

पार्टीका पूर्वमहामन्त्री सिंहले कांग्रेसले स्थानीय तहको निर्वाचनमा उम्मेदवार छनोट गर्दा पार्टीको विधान र नियमावलीलाई पालना गर्नुपर्ने बताउनुभयो। "कांग्रेसले स्थानीय तहको निर्वाचनका लागि घरघर जाउँ, कांग्रेस जिताउ देशव्यापी अभियान सञ्चालन गरेको छ, योग्य व्यक्तिलाई हेरेर पार्टीले स्थानीय तहको निर्वाचनमा टिकट दिनुपर्छ", उहाँले भन्नुभयो। स्थानीयवासीसँग भिजेको व्यक्तिलाई टिकट दिँदा निर्वाचन सजिलै जित्न सकिने उहाँको भनाइ थियो।

महासङ्घका नवनिर्वाचित अध्यक्ष रवि सिंहले आफूले निर्माण व्यवसायीको हकहितका लागि काम गर्ने र निर्माण क्षेत्रमा रहेका विकृति, विसङ्गतिको अन्त्य गर्ने बताउनुभयो। कांग्रेस नेतृत्वको सरकार बनेपछि निर्माण व्यवसायीले राहत महसुस गरेको उहाँको भनाइ थियो। उहाँले कोरोनाका कारण अस्तव्यस्त बनेको मुलुकको निर्माण क्षेत्रलाई सही बाटोमा ल्याउन निर्माण व्यवसायीले आगामी दिनमा काम गर्ने बताउनुभयो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### युक्रेनले गरेको मिसाइल आक्रमणमा २० जनाको मृत्यु, २८ घाइते

मस्को, रुस, १ चैत, (रासस-एएनआई)।

रुसी विदेश मन्त्रालयले युक्रेनी सेनाले प्रहार गरेको क्षेप्यास्त्रबाट २० जनाको मृत्यु भएको र २८ जना घाइते भएको बताएको छ। सेनाका अनुसार डोनेट्स्कको एक आवासीय इलाकामा टोचका-यु रणनीतिक मिसाइलले आक्रमण गरिएको थियो। युक्रेनी सञ्चारमाध्यमले डोनबासमा भीषण लडाइ जारी रहेको बताएको छ।

युक्रेनको सशस्त्र बलका अनुसार १०० रुसी सैनिक मारिएका छन् र ६ वटा गाडी ध्वस्त भएका छन्, द किभ इन्डिपेन्डेन्टले उल्लेख गरेको छ। रुसले डोनेस्क ओब्लास्टमा युक्रेनी प्रतिरक्षा तोड्ने प्रयास गरिरहेको पनि बताइएको छ। कीभ इन्डिपेन्डेन्टले उल्लेक गरेअनुसार रुसले खार्किभमा ब्यालेस्टिक मिसाइल प्रहार गरेको छ।

खार्किभका गभर्नर ओलेह सिन्येहुबोभले खार्किभलाई रुसमा राखिएको छोटो दुरीको इस्कन्डर ब्यालिस्टिक मिसाइल प्रणालीले प्रहार गरेको दाबी गरेका छन्। गत फेब्रुअरी २४ मा, डोनेट्स्क र लुहान्स्क जन गणतन्त्रहरूले आफ्नो रक्षा गर्न मद्दतको लागि अनुरोध गरेपछि रुसले युक्रेनमा विशेष सैन्य कारबाही शुरु गरेको जनाएको छ।

रुसी रक्षा मन्त्रालयले विशेष अपरेसनले युक्रेनी सैन्य पूर्वाधारलाई मात्र लक्षित गरेको र सर्वसाधारण नागरिक खतरामा नरहेको बताएको छ। यद्यपि पश्चिमी देशहरूले रुसीहरूको यी दावीहरूलाई अस्वीकार गरेका छन् र प्रतिक्रियामा पश्चिमी राष्ट्रहरूले मस्कोमा व्यापक प्रतिबन्धहरू लगाएका छन।

### रुस र युक्रेनबीच दिनहुँ वार्ता भइरहेको छ : रुसी वार्ता टोली प्रमुख

मस्को, १ चैत (रासस/सिन्ह्वा)।

रुसी वार्ता टोलीका प्रमुख भ्लादिमिर मेदिन्स्कीले रुस र युक्रेनका बीचमा प्रायः दिनहुँ वार्ता भइरहेको जानकारी दिनुभएको छ। रुसी राष्टपति भ्लादिमिर पुटिनका निकटस्थ समेत मानिनुहुने उहाँले सो जानकारी दिनुभएको हो।

उहाँले रुस र युक्रेनका द्विपक्षीय वार्ता टोलीका तर्फबाट दिनहुँजसो वार्ता भइरहेको बताउँदै तर ठोस निष्कर्ष भने ननिस्किएको जानकारी दिनुभयो। उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ- हामी दिनहुँजसो वार्ता गरिरहेका छौँ, हामीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको एजेण्डाअनुसार वार्ता गरिरहेका छौं।

युक्रेनमा करिब तीन हप्ता अघिदेखि रुसले आक्रमण गरिरहेको छ। रुसले उसको शब्दमा युक्रेनमा विशेष सैनिक कारबाही गरिरहेको छ। जसका कारण यहाँ कैयौं नागरिकको ज्यान गएको छ भने युक्रेनका संरचनाहरु पनि ध्वस्त भइरहेका छन्। तर वार्ताबाट कुनै निकास भने निस्किएको छैन। रुस युक्रेन द्धन्द्धबाट यहाँको जनजीवन अस्तव्यस्त भएको छ। युक्रेनमा रहेका आफ्ना नागरिकलाई प्राय सबै देशहरुले फिर्ता लगिसकेको जनाएका छन्। रुसले युक्रेनमाथिको हमला अझै नरोकेकाले यहाँका नागरिकले दिन प्रतिदिन असुरक्षित महसुस गरिरहेका छन्।

### यमनमा खाद्यान्न सहयोगका लागि आह्वान

संयुक्त राष्ट्रसङ्घ, १ चैत (रासस/सिन्ह्वा)।

केही वर्षयतादेखि द्वन्द्वमा फसेको यमनमा खाद्यान्नलगायत अन्य आधारभूत आवश्यकताहरुको खाँचो हुदै गएको सम्बद्ध निकायहरुले बताएका छन्। ती निकायहरुका अनुसार यहाँका नागरिक खाद्यान्न अभावमा परेका छन्।

पहिलेका वर्षहरुका तुलनामा खाद्यान्नको अभावमा परेका यहाँका नागरिकको सङ्ख्या यसवर्ष पाँच गुणा बढेको पनि बताइएको छ। राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ)ले यहाँका नागरिकका लागि अब खाद्यान्न नरहेको भन्दै तत्काल आवश्यकता पूर्ति गर्नुपर्ने बताएको छ।

केही हप्तामात्र अघि पनि संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले खाद्यान्न तथा आवश्यक पोषणका अभावमा यहाँका बालबालिका बिरामी पर्न थालेका भन्दै आवश्यक सहयोगका लागि विश्व समुदायलाई आग्रह गरेको थियो। यमनमा यस वर्ष चरम खाद्यान्न अभावमा रहेका व्यक्तिहरूको सङ्ख्या लाखौं हुने बताइएको छ।

खाद्यान्न सङ्कटको तीव्र वृद्धिलाई चिन्ताजनक भन्दै यमनका लागि सहायता जुटाउन संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सबैसँग आह्वन गर्नुभएको छ। द्वन्द्वग्रस्त यमनमा पहिल्यैदेखि रहेको खाद्य सङ्कट थप जटिल बन्ने प्रक्षेपण गरिएकोमा पछिल्लो समयमा रुस र युक्रेनको द्वन्द्वका कारण पनि पुनः यहाँका नागरिकमा यस्तो संकट बढ्नसक्ने भन्दै सहयोगका लागि उहाँले आग्रह गर्नुभएको हो।

# भारतीय व्यापारी निराश, सप्तरीका व्यापारी खुशी




**दैनिक समाचारदाता राजबिराज, १ चैत ।**

उद्योग बाणिज्य संघ सप्तरीको आग्रहमा राजबिराज भन्सार कार्यालयले सीमापारी भारतबाट एक सय रुपैया भन्दा बढी मुल्यको सामान ल्याएमा भन्सार काट्नु पर्ने सूचना जारि गरेपछि भारतको कुनौली बजारका व्यापारी निराश भएका छन् ।

भारतीय व्यापारीहरुको व्यापार चौपट भएपछि उनीहरु निराश भएका छन् । यता सप्तरीका व्यापारीहरु भने खुशी देखिन्छन् भने स्थानिय उपभोक्ता निराश बनेका छन् ।

राजबिराज भन्सार कार्यालयका प्रमुख दिपेन्द्र झाले सप्तरीका उद्योगि व्यवसायीहरुको आग्रहका साथै राजश्व संकलनमा बृद्धि तथा बिभिन्न बहानामा अवैध ढंगले सामान भित्राउने प्रबृतीलाई नियन्त्र गर्ने विषयलाई ध्यानमा राखी भन्सार ऐन नियम बमोजिम सूचना जारि गरिएको बताएका छन् ।

गत फागुन १९ गते राजबिराज भन्सार कार्यालयले सूचना जारि गरि दैनिक उपभोग्य घरायसी समान ल्याउन कडाई गरेपछि स्थानिय बजारबाट महँगो मुल्यमा सामान खरीद गर्नु परेको भन्दै स्थानिय उपभोक्ताहरु निराश बनेका हुन् ।

भारतको सुपौल जिल्लास्थित सीमाबर्ती कुनौली बजारबाट एक लिटर खाने तेलको खरीद गर्दा ३५ रुँपैया कम तिर्नु परेको राजबिराज ६ निबासी रामभजन देवको भनाई छ । उनका अनुसार स्थानिय बजारमा सामानको भाऊ ज्यादै महँगो भएका कारण आम उपभोक्ता समस्यामा परेका छन् ।

अर्का उपभोक्ता परिष कर्णले कुनौलीमा लिइएको चिनिको मुल्य भन्दा राजबिराजमा प्रतिकेजी १४ रुँपैया बढी तिर्नु पर्ने अवस्था छ । बजार मुल्यका बारेमा अनुगमन गरि बढी मुनाफा लिने उपर कारवाही नगरि भन्सारमा कडाई गरेर मात्र उपभोक्ताको हीत हुननसक्ने उनको भनाई छ ।

यता नाकामा कडाई गरिएपछि आफूहरुको व्यापार चौपट हुन थालेको भन्दै भारतको कुनौली बजारका व्यापारीहरु समेत उक्त निर्णयको बिरोधमा उत्रेका छन् ।

व्यापार कल्याण समिति कुनौली बजारको अगुवाईमा मंगलबार बृहत बैठक राख्दै उनीहरुले यस बारे बिहारका मुख्यमन्त्री नितिश कुमारलाई समेत ध्यानाकर्षण पत्र पठाएका छन् । नेपाल तर्फबाट जाने गरेका ग्राहकहरुमाथी नै निर्भर रहेको कुनौलीको व्यापार भन्सारमा एक्कासी गरिएको यस्तो कडा निर्णयका कारण सुक्दै गएको व्यापार कल्याण समिति कुनौली भारतका सदस्य प्रकाश साहले बताए ।

## *मर्यादित रुपमा ...*

लोला हाल्नेलगायतका कार्य नगर्न सचेत गराएको छ ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले आपसी सद्भावको पर्व होली संयमित, सुरक्षित र मर्यादित ढंगले मनाउन सबैमा अनुरोध गरेका छन् ।

उनले होली पर्वका अवसरमा कुनै अप्रिय घटना हुन नदिन बजारमा शान्ति सुरक्षाका लागि उचित प्रवर्द्धन मिलाइएको जानकारी दिँदै कोरोनाको जोखिम कायमै छ, सकभर घरमै बसेर सुरक्षित होली मनाउदा उपयुक्त हुने बताए ।

यसैबीच रंग र उमङ्गको पर्वको रुपमा रहेको होली पर्वको अन्तिम तयारीमा यहाँका यूवाहरु जुटेका छन् । यस पटक पहाडमा बिहीबार र तराई मधेश क्षेत्रमा शुक्रबार होली पर्व मनाइने छ ।

होलीको अवसरमा मिडिया विथ टेक्नोलोजि नामक संस्थाले बुधबार महामूर्ख सम्मेलन तथा होली गायन प्रतियोगिता लगायतका विशेष कार्यक्रम आयोजना गर्ने भएको छ ।

गाउँघरका विभिन्न कला तथा सांस्कृतिक समूहले पनि मट्का फोड र होली गायन लगायतका कार्यक्रम गर्ने विशेष तयारी गरेको छ ।

# सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाइने शिक्षामन्त्रीको सङ्कल्प

काठमाडौँ, १ चैत (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले नेपालका सार्वजनिक विद्यालयलाई गुणस्तरीय छन् भन्ने विश्वास दिलाउन शिक्षकको सक्रियता आवश्यक रहेको बताउनुभएको छ ।

त्रिपुरेश्वरस्थित विश्व निकेतन माविको हीरक महोत्सव समारोहलाई मंगलबार सम्बोधन गर्दै उहाँले शिक्षकको सक्रियताको आवश्यकतालाई महसुस गर्दै नेपाल शिक्षक महासङ्घसँग छलफल गरेर शिक्षकका माग सम्बोधनका लागि सरकारले सहमति गरेको जानकारी दिनुभयो ।

मन्त्री पौडेलले दश वर्षे शिक्षा सुधारका कार्ययोजना तर्जुमा हुँदै गरेको र सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन सरकार र सबैले साझा सङ्कल्प गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सामुदायिक विद्यालयलाई भौतिक पूर्वाधार, शैक्षिक सुधार र कार्यक्रमिक सुधारका लागि सरकारले नीति र बजेट दिइरहेको अवगत गराउँदै शिक्षण सुधार प्रक्रियाका लागि सरकार सदैव तत्पर रहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक हेरम्बराज कँडेलले विद्यालयका शिक्षक, अभिभावक र विद्यार्थीको सहकार्य र मेहनताका कारण विद्यालयको शैक्षिक स्तरमा सुधार आएको बताउनुभयो । कार्यक्रममा उत्कृष्ट कार्य गर्ने शिक्षक, विद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

मुलुकभरमै अब्बलमध्येको एक सामुदायिक विद्यालयका रुपमा रहेको सो विद्यालयको स्थापना विसं २००३ मा भएको थियो ।

## *एक लाख म्यादी...*

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका पूर्वसुरक्षाकर्मीलाई प्राथमिकता दिइने सूचनामा भनिएको छ ।

२०७८ साउन १ गतेदेखि आवेदन दिएर शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएकाहरुले पनि प्राथमिकता पाउनेछन् । नेपाल बाहिरका सुरक्षा निकायमा काम गरेका र विगतका निर्वाचनमा म्यादी प्रहरीका रुपमा काम गरेकाले पनि प्राथमिकता पाउने भनिएको छ ।

म्यादी प्रहरी सम्बन्धी अन्तिम नतिजा २२ चैतमा प्रकाशित हुनेछ भने उनीहरुको सेवा अवधि ४० दिन रहेनछ । म्यादी प्रहरीका लागि प्रहरी जवानको तलब सरह (आधारभूत तलब महिनाको २२,६८० रुपैयाँ) ले ३० हजार २४० रुपैयाँ दिइने भनिएको छ ।

त्यस्तै खाद्यान्नवापत एकमुष्ठ ७ हजार २०० रुपैयाँ र पोशाक र अन्य सामग्री खरिदका लागि प्रतिव्यक्ति ६ हजार रुपैयाँका दरले थप रकम उपलब्ध गराइने सूचनामा उल्लेख छ । निर्वाचनमा खटिने कर्मचारीका लागि तयारी रुवरुप खटाइएको ठाउँमा आउन जान थप एक हजार रुपैयाँ उपलब्ध गराइने पनि भनिएको छ ।

# सरकारद्वारा संसद् अधिवेशन अन्त्य गर्न सिफारिस

काठमाडौँ, १ चैत (रासस) ।

सरकारले संघीय संसद्को अधिवेशन अन्त्य गर्न सिफारिस गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले मंगलबार राति १२ बजेदेखि अधिवेशन अन्त्य गर्न राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष सिफारिस गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले राससलाई जानकारी दिनुभयो ।

नेपालको संविधानअनुसार संसद् अधिवेशनको अन्त्य र सुरुआत सरकारको सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ । संसद्को चालु अधिवेशन गत मङ्सिर २८ गतेदेखि प्रारम्भ भएको हो ।

चालु अधिवेशनको संसद् बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले आफ्नो पार्टीले कारबाही गरेका १४ सांसदको सूचना टाँस नगरेको भन्दै बैठक अवरुद्ध गर्दै आएको छ ।

फागु पर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंङ्ग दल्ने काम नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौ,
- मदिरा तथा लागु पदार्थको सेबन नगरौ,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजबिराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*